१७ औं प्रतिदिन वार्षिकोत्सव

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : ५८ ॥ २०८१ चैत २१ गते बिहिबार (3rd Apr 2025 Thursday) | Pratidin National Daily | मूल्य-रु.५/-

# निराश सहकारीकर्मीलाई उत्प्रेरणा भर्दै

झापा(प्रस)। सहकारीकर्मीहरुलाई निराश बन्न नदिन झापा जिल्ला सहकारी संघले उत्प्रेरणा भर्ने कार्य गरेको छ। ६८ औं सहकारी दिवसमा जिल्लाभरिका सहकारीकर्मीहरुलाई बिर्तामोडमा भेला गराई संघले 'सहकारीमा नवप्रवर्तनको प्रबर्द्धन उत्प्रेरणात्मक कार्यक्रम' गरेको हो।

कार्यक्रममा अन्तर्राष्ट्रिय प्रशिक्षक नारायण प्रधानले 'सहकारीमा नवप्रवर्तनको प्रवर्धन' विषयमा उत्प्रेरणात्मक प्रशिक्षण दिएका छन्। प्रधानले आफ्नो सहजीकरणमा आविष्कार र नवप्रवर्तनका समानता एवम् भिन्नता केलाउँदै दुईवटै समानान्तर गतिमा बढ्नुपर्ने सुझाए।

'नयाँ नयाँ आविष्कारहरु हुन्छन् तर त्यसले समुदायलाई प्रभाव पार्न सकेन भने त्यसको केही अर्थ रहँदैन' प्रधानले भने 'त्यसले उपभोक्तालाई प्रभाव पारेपछि सन्तुष्ट बनाएपछि यसको सार्थकता पाउँछ।'

नवप्रवर्तनका लागि सबैभन्दा पहिले दृष्टिकोण निर्माण गर्नुपर्ने बताउँदै उत्प्रेरक प्रधानले क्रमशः सीप र औजारहरुको बारेमा ज्ञान राख्नुपर्ने सुझाए।

यस्तै सहकारी दिवसको थीम ''मर्यादित सहकारी, समुन्नत समाज''मा आधारित रहेर अगुवा सहकारी अभियन्ता रामचन्द्र उप्रेतीले आफ्नो भनाई राखेका थिए।



नेपाल बहुउद्देश्यीय सहकारी संस्थाका संस्थापक अध्यक्ष उप्रेतीले भुइँमान्छेको उत्थानका लागि सहकारी अभियानले महत्वपूर्ण उपलब्धीहरु हासिल गरेको भए पनि जानेर वा नजानेर भइरहेका कमजोरीहरु आजको चुनौति बनेको बताए। सहकारीलाई छिट्टै ठूलो बनाउने, योगदानभन्दा बढी फाइदा लिने चाहना राखेकै कारण सहकारी संस्थाहरु अप्ठ्यारोमा परेको उनको भनाई छ।

कार्यक्रममा बचत तथा ऋण सहकारी केन्द्रीय संघ (नेफ्स्कोन)का महासचिव घनश्याम अधिकारीले 'अभियानको पुनर्जागरण र सहकारीको आगामी मार्गचित्र' विषयक प्रस्तुति प्रस्तुत गरेका थिए।

आफ्नो प्रस्तुतिमा महासचिव अधिकारीले सहकारी अध्यादेशमार्फत संशोधित ऐन र यसले अभियानमा हुने प्रभाव, सहकारी संस्थामा सञ्चालक र लेखा समितिको सहकार्य हुन्छ कि हुँदैन ? जस्ता विषयमा प्रकाश पारेका थिए।

कार्यक्रममा संघमा आबद्ध सदस्य सहकारीका सञ्चालक र कर्मचारीहरुको उल्लेख्य उपस्थिति रहेको थियो। संघका अध्यक्ष गणेश ढकालको अध्यक्षतामा आयोजित सहकारी दिवस समारोहमा कोशी प्रदेश सरकारका खानेपानी, सिंचाई तथा ऊर्जा मन्त्री एकराज कार्कीको प्रमुख आतिथ्यता रहेको थियो।सहकारी संघका उपाध्यक्ष प्रेमकुमार कोइरालाले स्वागत मन्तव्य राखेको कार्यक्रमको सञ्चालन सचिव भवानीप्रसाद दंगालले गरेका थिए। सहकारी अभियन्ताहरु हर्क तामाङ, मिनाकुमारी ढकाल, लक्ष्मी उप्रेती, दुर्गाप्रसाद सापकोटा, केशव सापकोटा, तुलाराम न्यौपाने, चन्द्रकुमारी खड्का, प्रशिक्षक नितेश प्रधानलगायतको आतिथ्य रहेको कार्यक्रममा संघद्वारा प्रकाशित 'सहकारीको चुनौती र आवश्यक कानून' नामक स्मारिका विमोचन गरिएको थियो।

नेपालमा २०१३ साल चैत २० गते चितवनमा बखानपुर ऋण सहकारी संस्थाको स्थापना भएको दिनलाई सहकारी आन्दोलनको शुरुवात भएको दिनको रूपमा स्मरण गर्दै हरेक वर्ष चैत २० गते राष्ट्रिय सहकारी दिवस मनाउने गरिएको छ।देशभर अहिले झन्डै ३१ हजार सहकारी संस्था रहेको तथ्याङ्क छ।

# अटिजमका बारेमा सचेतना जगाउँदै



बिर्तामोड(प्रस) ।झापाको बिर्तामोडमा विश्व अटिजम सचेतना दिवस मनाइएको छ। बिर्तामोडको मुक्तिचोकमा प्रभातफेरि गरि १८औँ विश्व अटिजम सचेतना दिवस मनाइएको हो।

हनुमान सेन्ट्रलबाट निकालिएको प्रभातफेरि पश्चिममा वानस्टप मल हुँदै पूर्वमा इलाका प्रहरी कार्यालय जाने बाटोबाट पुनः हुनमान सेन्ट्रलमा पुगेर कोणसभामा परिणत भएको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै बिर्तामोडका कार्यबाहक नगर प्रमुख नगेन्द्रप्रसाद संग्रौलाले अटिजम कुनै रोग र अपाङ्गता नभएर एउटा अवस्था भएको बताए। पछिल्लो समय अटिजम हुने बालबालिकाको संख्या बढिरहेकाले यसको उचित संरक्षण र व्यवस्थापनमा स्थानीय सरकारले आवश्यक बजेट बिनियोजन गर्नुका साथै सम्बन्धित निकायहरुमा पहल गर्ने प्रतिबद्धता जनाए। अटिजम भएका बालबालिकाहरुलाई अभिभावकले स्वीकार गर्न सक्नु र माया दिनु पर्नेमा उनको जोड थियो। उनले बिर्तामोड नगरपालिकाको महेन्द्र रत्न माविमा अटिजम भएका बालबालिकाहरुलाई अध्ययन अध्यापन गर्ने व्यवस्था मिलाइएको बताए।

खानपिन, आहारबिहार, जीवनशैली, बिषादी, प्रदूषण आदिका कारण अटिजम भएको हुनसक्ने बताउँदै कार्यवाहक प्रमुख संग्रौलाले यसको न्यूनीकरणमा लाग्नु पर्नेमा जोड दिए।

महेन्द्ररत्न माविका प्रधानाध्यापक खड्गप्रसाद खरेलले आफ्नो बच्चालाई अटिजम भएको जबसम्म स्वीकार गर्न अभिभावक तयार हुँदैनन् , तबसम्म उनीहरुलाई सुधार गर्ने मौका नपाइने बताए। उनले महेन्द्ररत्न माविमा हाल २७ जना अटिजम भएका बालबालिकाहरु अध्ययन गरिरहेको जानकारी दिए। विद्यालयमा विशेष शिक्षाअन्तर्गत अटिजम भएका बालबालिकाहरुलाई अध्यापन गरिहेको बताउँदै प्रधानाध्यापक खरेलले थप भौतिक सुविधा उपलब्ध गराइदिन सरकारसँग अपिल गरे।

न्याय र विकासका लागि सामाजिक सञ्जाल र अटिजम केयर सोसाइटी झापाको संयुक्त आयोजनामा सम्पन्न कार्यक्रमका अध्यक्ष तथा आयोजक संस्थाका अध्यक्ष कुमार चुडालले अटिजम भएका बालबालिकाका अभिभावकहरुलाई एकीकृत गर्ने कार्य भइरहेको बताए। उनले अभिभावकहरुले अटिजमका लक्षणहरुबारे जानकारी राख्नु पर्ने र त्यस्ता लक्षण आफ्ना बालबालिकामा देखा परे सम्बन्धित निकायमा सम्पर्क गर्नुपर्ने बताए।

अटिजमबारे जनचेतना जगाउने उद्धेश्यले आयोजित कार्यक्रममा विभिन्न नारा लेखिएका प्ले कार्ड, पोष्टर आदि बोकेर मनकामना कलेज, आदर्श स्कुल अफ होटल मेनेजमेन्टका शिक्षक तथा विद्यार्थी, करुणा फाउण्डेशनका प्रतिनिधि, किण्डर बेल प्रिस्कुल तथा आयु चाइल्ड केयर सेन्टरका प्रतिनिधिहरु, विभिन्न सामाजिक संघ संस्थाका प्रतिनिधिहरु, नेकपा माओवादी केन्द्र बिर्तामोडका उपाध्यक्ष रञ्जन धमला, सामाजिक अभियन्ता विष्णु आचार्यलगायत प्रभातफेरिमा सहभागी भएका थिए ।कार्यक्रम अटिजम केयर सोसाइटी झापाका सचिव भिम बोहराले सञ्चालन गरेका थिए।

# बैंकिङ कसूर प्रहरीको टाउको दुखाइ

• लक्ष्मी उप्रेती

मेचीनगर। कानूनी व्यवस्थाविपरीत बैंक तथा वित्तीय संस्थाको रकम हिनामिना गर्नुलाई बैंकिङ कसुर भनिन्छ। विद्यमान कानुनी व्यवस्थाअनुसार अनधिकृत रुपमा खाता खोल्ने तथा रकम भुक्तानी दिने, अनधिकृत रुपमा एउटा व्यक्ति वा संस्थाको चेक तथा खाताको विवरण अन्य कुनै व्यक्ति वा संस्थालाई दिनु, धितोको अस्वाभाविक मूल्याङ्कन गरि ऋण लिने तथा दिने काम बैंकिङ कसूरभित्र पर्छन्। नेपालमा बैंकिङ कसूर तथा यसमा दिइने सजायको बारेमा 'बैंकिङ कसूर तथा सजाय ऐन, २०६४' मा उल्लेख गरिएको छ। तर, पनि यस्ता प्रकृतिका मुद्धामा कमि आएको छैन। जुन अपराध पछिल्लो समय प्रहरीको टाउको दुखाइको विषय बनेको छ। चालु आर्थिक वर्ष २०८१/०८२ को पहिलो आठ महिनामा इलाका प्रहरी कार्यालय काँकरभिट्टाको मुद्धा शाखामा यस्ता प्रकृतिको ११ वटा मुद्धा दर्ता भएको छ। विभिन्न प्रकृतिका मुद्धामध्ये बैंकिङ कसूर चौथो स्थानमा रहेको कार्यालयले जनाएको छ। कतिपय बैंकिङ कसूरका मुद्धा आर्थिक अपराधसँग जोडिने गरेका छन्। विदेश पठाइदिने, जग्गा मिलाइदिनेलगायतका नाममा ठगी गरेका घटनासँग सम्बन्धित चेक बाउन्सका पनि पर्ने गरेका छन्। वैदेशिक रोजगार ठगीसँगै चेक बाउन्स बढेको एक प्रहरी अनुसन्धान अधिकृतको भनाई छ। कतिपयलाई चेक बाउन्ससम्बन्धी मुद्धामा हुने सजाय थाहा नपाएर थोरै पैसा लिएर खाली चेक दिने र त्यसमा वास्तविकभन्दा धेरै भरेर पनि प्रहरीमा पुग्ने गरेको अनुभव प्रहरीसँग छ। अधिकाँश बैंकिङ कसूरका मुद्धामा वैदेशिक रोजगारीमा पठाउने भन्दै ठगी गर्ने, रकम नभएको बैंक खाताको चेक दिने, बैंक खाता 'ह्याक' गरी अनधिकृतरूपमा रकम चोरी गर्नेलगायत आर्थिक अपराधका घटना छन्।

प्रहरी अधिकृतका अनुसार पीडितको उजुरीका आधारमा यसमा संलग्नलाई प्रहरीले पक्राउ गरेर आवश्यक अनुसन्धानपश्चात् अदालतमा पठाउने र अदालतले धरौटी खुलाएर माग गरेपछि माग अनुसारको धरौटी बुझाएर अधिकाँश छुट्ने गरेका छन्। अदालतले खुलाएको धरौटी रकम बुझाउन नसक्ने थोरै मात्र कारागार जाने गरेको प्रहरीले जनाएको छ। बैंकिङ कारोबारसँगै बैंकिङ कसूरका मुद्धा पनि बढेको प्रहरीको अनुमान छ।

बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) मा आफ्नो खातामा रकम नभएको थाहा हुँदाहुँदै चेक दिन पाईदैन। यदि कसैले त्यसो गरेमा बिगो खुलेकोमा बिगो भराई बिगो बमोजिम जरिबाना र तीन महिनासम्म कैद हुन्छ। चेक बाउन्स भएमा राष्ट्र बैंकमा कालो सूचीमा राख्न समेत सकिने कानुनी प्रावधान छ। बैंकिङ कसूर भएको कुरा थाहा पाएको मितिले १ वर्षभित्र जाहेरी दिन सकिने उल्लेख छ ।सामान तथा सेवाको भुक्तानी नदिने, व्यवसायिक साझेदारीका नाममा धोका दिनेजस्ता घटनासँग सम्बन्धित चेक बाउन्सका मुद्धा पनि प्रहरीमा पुग्ने गरेका छन्। फिल्म बनाउन पैसा हाल्न लगाएर निर्माताले नै ठगी गरी खातामा पैसा नभई दिएका चेकसम्बन्धी घटनासमेत जिल्लाका पालिका स्तरीय न्यायिक समितिमा पुग्ने गरेका छन्। यसैगरी, बालविवाह सम्बन्धी नेपालको कानूनी व्यवस्था, मुलुकी अपराध (संहिता) ऐन, २०७४ मा विवाह गर्ने व्यक्तिको उमेर २० वर्ष नपुगी कसैले विवाह गर्न वा गराउनु हुदैंन। यस्तो कसूर गर्ने व्यक्तिलाई ३ वर्षसम्म कैद वा ३ हजार रुपैयाँसम्म जरिवाना हुने उल्लेख छ। कानूनले तोकेको उमेरभन्दा पहिले विवाह गरे वा गराएमा त्यस्तो व्यक्ति कानूनतः दण्डित हुनेछ। आठ महिनामा यो प्रकृतिको मुद्धा एउटामात्र दर्ता भएको कार्यालयले जनाएको छ। बालविवाह उच्च रहेका मुलुकहरुमध्ये नेपाल अग्रपंक्तिमा रहेको छ। दक्षिण एसियामा नेपाल बङ्गलादेश र भारतपछि तेश्रो स्थानमा पर्दछ।

चालु आर्थिक वर्ष २०८१/०८२ को साउनदेखि फागुन महिनासम्म सवैभन्दा बढी लागूऔषधका ७६ वटा मुद्धा दर्ता भएको कार्यालयले जनाएको छ। सो अवधिमा ६८५ ग्राम ७७० मिलिग्राम लागूऔषध बरामद गरेको छ। खुला सिमाना र छिमेकी भारतीय बजारमा लागूऔषध सहजरुपमा पाइने भएकाले प्रहरीले यसलाई पूर्णरुपमा नियन्त्रण गर्न नसकेको र दिन प्रतिदिन यो लागूऔषधको समस्या जटिल बन्दैं गएको प्रहरी अधिकारीहरु बताउँछन्। आठ महिनाको अवधिमा यस कार्यालयमा अभद्र व्यवहारका ३७, चोरीका ५, कर्तव्य ज्यानका ३, झुण्डिएर आत्महत्याका १२, बेवारिसेका ६, मानव बेचबिखनका १, आपराधिक विश्वासघातका १, भबितव्य ज्यानका ८, सवारी ज्यानका ५, जवरजस्ती करणीका ६, आत्महत्या (विषसेवन र घाँटी रेटेर) २, ठगीका ४, पानीमा डुबी मरेका २, बालयौन दुरुपयोग १ तथा बहुविवाहका १ वटा मुद्धा दर्ता भएको कार्यालयले जनाएको छ।

# ट्र्याक्टरबाट झरेर झापा गाउँपालिकामा वृद्धको मृत्यु

झापा(प्रस)। ट्र्याक्टरबाट झरेर झापा गाउँपालिकामा एक वृद्धको मृत्यु भएको छ। बुधवार दिउँसो ४.३० बजे झापा गाउँपालिका वडा न.३ झाँटीस्थित भित्री पक्की सडकखण्डमा झाँटीबाट कामाटोलीतर्फ जाँदै गरेको मे १ त ४१०७ नं.को ट्र्याक्टरमा सोही ठाउँका ६० वर्षीय रमेश हस्दा लिप्ट मागेर चढेका थिए। अचानक बेहोस भई उनी ट्र्याक्टरबाट झरेर घाइते भएकोमा उपचारको लागि स्वास्थ्य चौकी शरणामति लगिएको थियो। त्यहाँ सामान्य उपचारपश्चात् थप उपचारको लागि प्रादेशिक अस्पताल भद्रपुर पठाइएकोमा उपचारको क्रममा साँझ ६:३० बजे मृत्यु भएको हो। शव प्रादेशिक अस्पतालको शवगृहमा पोष्टमार्टमको लागि राखिएको छ। ट्र्याक्टर धनी आफै भएका चालक सोही ठाउँ बस्ने ४८ वर्षीय देवकुमार गणेश र



ट्र्याक्टरलाई प्रहरीले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। इलाममा ट्र्याक्टर र मोटरसाइकल ठोक्किँदा तीनजना घाइते उता इलाममा ट्र्याक्टर र मोटरसाइकल एक आपसमा ठोक्किँदा तीनजना घाइते भएका छन्। बुधवार दिउँसो ४.२० बजे इलाम देउमाई -२ पुङ्फुङस्थित भित्री पक्की सडकखण्डमा मंगलबारे बजारबाट फाकफोकथुमतर्फ जाँदै गरेको प्र.१-०१-०१२ प २०३१ नं को मोटरसाइकल र विपरित दिशाबाट आउँदै गरेको मे १ त १८६४ नं को ट्र्याक्टर एक आपसमा ठक्कर खाई दुर्घटना भएको थियो। दुर्घटनामा मोटरसाइकलमा सवार तीनजना घाइते भएका हुन्। घाइते हुनेहरुमा मोटरसाइकल चालक फाकफोकथुम- ७ बस्ने २७ वर्षीय मनिष लिम्बू , मोटरसाइकलमा पछाडि सवार सोही ठाउँ बस्ने ४८ वर्षीय असार लिम्बू र ३५ वर्षीय बिरबहादुर लिम्बू रहेका छन्। घाइतेहरुलाई उपचारको लागि झापातर्फ ल्याइएको छ। मोटरसाइकल पूर्णरुपमा क्षतिग्रस्त भएको र ट्र्याक्टर चालक फरार रहेकाले खोजतलास भइरहेको इलाम प्रहरीले जनाएको छ।

**डा. प्रेम ब. शाही, MS, FISS**
वरिष्ठ विशेषज्ञ - हाड, जोर्नी, नशा, मेरुदण्ड रोग /सर्जन
समय: सोमबार देखि विहिबारसम्म, २ बजे देखि

**डा. दिपायन पाण्डे, MD**
वरिष्ठ विशेषज्ञ - छाला, यौन, कपाल, सौन्दर्य, कुष्ठरोग
समय: प्रत्येक विहिबार, स्किन हस्पिटल, दमकबाट

**डा. आलोक झा, MD**
वरिष्ठ विशेषज्ञ - मानसिक, नशा तथा मनोरोग
समय: प्रत्येक महिनाको पहिलो शनिबार, कोशी हस्पिटल, विराटनगरबाट

**डा. केशव कु. मण्डल, MD**
वरिष्ठ विशेषज्ञ - नवजात शिशु तथा बाल रोग विशेषज्ञ
समय: दैनिक सेवा, विहान १० बजे देखि

**डा. धिरज ताम्रकार, MD / डा. आनन्द देव, MD**
वरिष्ठ फिजिसियन /इन्टरनल मेडिसिन
समय: दैनिक सेवा

**डा. विकाश जैशी, MD, DM**
वरिष्ठ विशेषज्ञ - कलेजो (लिभर) पेट, जन्डिस, हेपटाईटिस रोग तथा कलेजो प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको अन्तिम आईतबार, विर हस्पिटल, काठमाडौंबाट

**डा. अच्युत भक्त आचार्य, MD, DM**
वरिष्ठ विशेषज्ञ - छाति, फोक्सो, दम, श्वासप्रश्वास, एलर्जी, निन्द्रा तथा क्षयरोग/ पल्मोनोलोजिष्ट
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, नर्भिक हस्पिटल काठमाडौंबाट

**डा. विवेक कट्टेल, MD, FRCI**
वरिष्ठ विशेषज्ञ - बाथरोग, संक्रमण रोग तथा फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शनिबार, न्यूरो हस्पिटल विराटनगरबाट

**डा. निशान भुर्तेल, MD, DM**
वरिष्ठ विशेषज्ञ - मृगौला (किड्नी) रोग तथा मृगौला प्रत्यारोपण फिजिसियन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, सिभिल हस्पिटल काठमाडौंबाट

स्वास्थ्य सेवामा तपाई सँगै
**जिवनरक्षा बिर्तामोड**
पोलिक्लिनिक एण्ड डायग्नोष्टिक सेन्टर प्रा. लि.
बिर्तामोड-४, भद्रपुररोड, झापा (भद्रपुरबसस्टेण्ड अगाडि)
जानकारी तथा नाम दर्ताका लागि सम्पर्क
023-591566 (Reception), 023-531242 (Pharmacy)
9807923352 / 9817094601
विशेषज्ञ OPD सेवा/प्याथोलोजि ल्याब/भिडियो एक्स-रे/डिजिटल एक्स-रे
ECG/ EEG/NCT/PFT/फार्मेसी
खुल्ने समय: विहान ७ बजे देखि बेलुकी ७ बजे सम्म

**डा. धर्मागत भट्टराई, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल रोग, इम्युनोलोजी (रोग प्रतिरक्षा), एलर्जी, बाल बाथजन्यरोग र बाल बोनम्यारो मेडिसिन विज्ञ
समय: प्रत्येक महिनाको अन्तिम शुक्रबार र शनिबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. उत्कर्ष कार्की, MD, DM**
वरिष्ठ विशेषज्ञ - बालबालिका किशोरकिशोरी नशा तथा मानसिक रोग /बाल मनोचिकित्सक
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार र शनिबार, कान्ति बाल हस्पिटल, काठमाडौंबाट

**डा. सन्तोष मिश्र, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल नशा मस्तिष्क, मेरुदण्ड, अटिजम, टोउको रोग /बाल न्यूरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट

**डा. दिलिप न्यौपाने, MD, DM**
वरिष्ठ विशेषज्ञ - बाल पेट, ग्याष्ट्रिक, आन्द्रा, प्यान्क्रियाज, कुपोषण, तथा कलेजो रोग /बाल ग्याष्ट्रोइन्टेरोलोजिष्ट
समय: प्रत्येक महिनाको पहिलो शुक्रबार र शनिबार, काठमाडौं मेडिकल कलेजबाट


**प्रा. डा. गौरवराज ढकाल, MS, FISS**
वरिष्ठ विशेषज्ञ - मेरुदण्ड (स्पाइन), नशा, ढाँड, गर्धन, कम्मर रोग /स्पाइन सर्जन
समय: प्रत्येक महिनाको दोस्रो शुक्रबार, ॐ हस्पिटल काठमाडौंबाट

**डा. पुरूषोत्तम पराजुली, MS, MCh**
वरिष्ठ विशेषज्ञ - पिसाब, प्रोस्टेट, मुत्रनलि, पत्थरी तथा मुत्र रोग /युरोलोजिष्ट
समय: प्रत्येक महिनाको तेस्रो शनिबार, न्यूरो हस्पिटल, विराटनगरबाट

**डा. अपार पोखरेल, MS, FIPE**
वरिष्ठ विशेषज्ञ - नाक, कान, घाँटी रोग /बाल तथा वयष्क ENT सर्जन
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, सिभिल हस्पिटल, काठमाडौंबाट

**डा. हरिशंकर प्र. यादव, MD, FIEM**
वरिष्ठ विशेषज्ञ - मधुमेह (सुगर), थाइराईड, हर्मोन रोग
समय: प्रत्येक महिनाको अन्तिम शनिबार, विराटनगरबाट

# एकै घरबाट ७ जना लागूऔषधका कारोबारी पक्राउ



झापा(प्रस) । उदयपुरको कटारी बजारबाट प्रहरीले ठूलो परिमाणमा लागूऔषध कारोबारको आरोपमा ७ जनालाई नियन्त्रणमा लिएको छ । इलाका प्रहरी कार्यालय कटारीबाट खटिएको टोलीले कटारी नगरपालिका- ४ कान्छी बजारमा लागूऔषधको कारोबार गर्दैगर्दा उनीहरुलाई ठुलो परिमाणकोलागूऔषधसहित नियन्त्रणमा लिएको हो ।

इलाका प्रहरी कार्यालय कटारीबाट खटिएको प्रहरी निरीक्षक भीमलाल ओलीको टोलीले मंगलबार राति कटारी नगरपालिका- ४ कान्छी बजारबाट १० हजार ४६३ ट्याब्लेट प्रतिबन्धित लागूऔषध र एक सय ग्राम गाँजासहित ७ जनालाई नियन्त्रणमा लिएको हो । प्रहरीले उनीहरुले प्रयोग गरेको दुई वटा मोटरसाइकल, नगद २ लाख ४७ हजार ७२० रुपैयाँ, ६ वटा मोबाइल फोनसमेत बरामद गरेको जिल्ला प्रहरी कार्यालय उदयपुरका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक केदारमान दोङ्ले जानकारी दिए । बजारमा प्रतिबन्धित लागूऔषध ओसारपसार तथा बिक्री वितरण भइरहेको गोप्य सूचनाको आधारमा कारोबार गर्दै आएका उनीहरूलाई नियन्त्रणमा लिइएको उनले बताए ।

पक्राउ पर्नेमा कटारी नगरपालिका-७ का २९ वर्षीय हरिबहादुर तामाङ, वडा नं ८ का १९ वर्षीय भक्तबहादुर तामाङ, २५ वर्षीय सोमकृष्ण राई, वडा नं ४ का २३ वर्षीय अनमोल मगर, २० वर्षीया आरती राउत, २३ वर्षीय शरदकुमार सुनुवार र १९ वर्षीय बिक्रम साशंकर रहेको जिल्ला प्रहरी कार्यालय उदयपुरका सूचना अधिकारी दोङ्ले बताए ।

## गोलिया बोकेको ट्रक दुर्घटनामा दाजुभाइ घाइते

झापा(प्रस)। इलाममा गोलिया बोकेको ट्रक दुर्घटना हुँदा दुईजना घाइते भएका छन् । मंगलवार दिउँसो २.३० बजे इलाम सूर्योदय नगरपालिका -२ टाँसीगाउँस्थित पशुपतिनगर-मानेभञ्ज्याङ भित्री कच्ची सडकखण्डमा मानेभञ्ज्याङबाट पशुपतिनगरतर्फ आउँदैं गरेको प्र.१-०१-००१ख ३९७१ नंम्बरको गोलिया बोकेको मिनी ट्रक आफै अनियन्त्रित भई सडकको दायाँ साइडमा अन्दाजी ४५० मिटर तल झरेर दुर्घटना भएको हो ।

दुर्घटनामा चालक सूर्योदय- ९ पान्दाम बस्ने अन्दाजी २६ वर्षीय अनुप राई र सहचालक उनकै भाइ २४ वर्षीय अनुज राई घाइते भएका छन् । दुवै घाइतेलाई फिक्कल अस्पताल इलामतर्फ पठाइएको छ । गाडी पूर्णरुपमा क्षतिग्रस्त भएको छ । चालक र सहचालकले दुवैले मादक पदार्थ सेवन गरेको प्रहरीले जनाएको छ ।

# सुरक्षा गार्डलाई भाटभटेनीले दियो ५ लाख पुरस्कार

झापा(प्रस) । शुक्रबार राजावादी प्रदर्शनकारीको एक समूह कोटेश्वर स्थित भाटभटेनी पुगेर लुटपाटमा संलग्न भयो । सो क्रममा लुटपाटमा संलग्नविरुद्ध प्रतिकार गरेर साहसिक प्रदर्शन देखाउने सुरक्षा गार्ड कृष्णप्रसाद पराजुलीलाई भाटभटेनी सुपरमार्केटले ५ लाख १ हजार १११ रुपैयाँ पुरस्कारसहित सम्मान गरेको छ। बुधवार आयोजित एक कार्यक्रमका बिच भाटभटेनीले अर्का एक सुरक्षा गार्डलाई ५१ हजार रुपैयाँसहित सम्मान गरेको छ । यसैगरी सोही बेला ड्युटीमा अर्का थप दुई जनालाई पनि २५ हजारका दरले सम्मान गरेको छ। यसैगरी कर्मचारीहरुलाई सम्मान गरिएको थियो । कोटेश्वरस्थित भाटभेटनी सुपरमार्केटमा अध्यक्ष मीनबहादुर गुरुङले पुरस्कारसहित सम्मानित गरेका हुन् । सुपरमार्केटमा तोडफोड तथा लुटपाट गरिरहेको समयमा कर्तव्य निर्वाह गर्दै अग्रपंक्तिमा खटिएका कर्मचारी तथा व्यापारलाई निरन्तरता दिन रातभर मर्मत सम्भारमा लाग्न खटिएका कर्मचारीको मनोबल उच्च बनाउन सम्मान गरिएको सुपरमार्केटका सिइओ राजु पौडेलले बताए।

पुरस्कृत पराजुलीले लुटपाटमा संलग्नमाथि गरेको प्रतिकार अहिले सामाजिक सञ्जालमा भाइरल छ । दर्जनौं संख्यामा रहेका व्यक्तिहरूलाई उनले लिस्टीले कुट्दै भगाएको भिडियोमा देख्न सकिन्छ । उक्त घटनाका क्रममा करिब ८० लाख रुपैयाँ बराबरको क्षति भएको कम्पनीले जनाएको छ । त्यसमध्ये ६४ लाख ८८ हजार बराबरको सामान लुटिएको बताइएको छ । उक्त घटनापछि पनि शनिवार बिहानदेखि नै सुपरमार्केट सञ्चालनमा आएको थियो । यसका लागि सरसफाइलगायत कर्मचारीले रातभर काम गरेका थिए ।

## रजकको परिवारलाई ५ लाख दिने घोषणा

झापा(प्रस)।भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङले गत चैत १५ गतेको घटनामा मृत्यु भएका दुई युवाको परिवारलाई आर्थिक सहयोग गर्ने घोषणा गरेका छन् ।

बुधबार कोटेश्वर भाटभेटनी सुपरमार्केटमा आयोजना गरिएको कर्मचारी सम्मान कार्यक्रममा बोल्दै उनले यस्तो घोषणा गरेका हुन्। उनले सुरेशको परिवारलाई ५ लाख र सविनको परिवारलाई ३ लाख दिने घोषणा गरे ।

## तीन क्विन्टल गाँजासहित साह पक्राउ



झापा(प्रस) । धनकुटाको साँगुरीगढी गाउँपालिका-६, काम्फेकस्थित भेडेटार रवि-राँके सडकखण्डबाट प्रहरीले तीन क्विन्टल गाँजासहित एक व्यक्तिलाई पक्राउ गरेको छ ।

मंगलवार राति चेकजाँचका क्रममा को १ च ३४७८ नम्बरको कारबाट उक्त परिमाणको गाँजा बरामद गरिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी ओमप्रकाश खनालले जानकारी दिए । इलाका प्रहरी कार्यालय भेडेटारबाट खटिएको टोलीले जाँच गर्दा कारभित्र कालो प्लास्टिकले बेरेर पोका पारेको १० पोका गाँजा बरामद गरेको जनाइएको छ ।३० केजीको दरमा दश वटा पोकामा लुकाएर राखिएको अवस्थामा गाँजा फेला परेको इलाका प्रहरी कार्यालय भेडेटारका इन्चार्ज रमेश प्रधानले बताए ।गाँजासहित कारमा सवार मोरङ विराटनगर महानगरपालिका १५ का २६ वर्षीय प्रिन्सकुमार साहलाई नियन्त्रणमा लिइएको छ । कार चालक फरार रहेकाले खोजतलास भइरहेको प्रहरीको भनाइ छ।

## लेक लागेर एक श्रमिकको मृत्यु

झापा(प्रस)।सगरमाथा आधार शिविरमा एक नेपाली श्रमिकको ज्यान गएको छ । ज्यान गुमाउनेमा दोलखाको गौरीशङ्कर गाउँपालिका-९ का ५५ वर्षीय लानिमा शेर्पा रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेका अनुसार शेर्पा जिल्लाको



खुम्बु पासाङल्हामु गाउँपालिका-४ स्थित सगरमाथा बेस क्याम्पमा काम गर्दै आएका थिए । यही चैत १७ गते साँझ ७:३० बजे लेक लागेर बिरामी परेका शेर्पालाई घोडामार्फत खुम्जुङ स्वास्थ्य चौकी लैजाने क्रममा चैत १८ गते थुक्लामा ज्यान गएको प्रहरीले जनाएको छ ।

शवको कानुनी प्रक्रिया पूरा गरी मृतकको शव परीक्षणका लागि अल्टिच्युट हेलिकप्टरमार्फत टिचिङ अस्पताल काठमाडौँ लगिएको थियो । शव परीक्षणपश्चात् चैत १९ गते मृतकको शव उनका भतिजा पेमाछिरी शेर्पाले बुझी लगेका छन् । घटनाको विस्तृत अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## ज्वाइँमाथि बन्चरो र दाईमाथि खुकुरी प्रहार

झापा(प्रस)। इलाममा ससुराले बन्चरो प्रहार गरी ज्वाइँलाई घाइते बनाएका छन् ।

बुधवार बिहान ११ बजे इलाम नगरपालिका- १२ साङरुम्बा बस्ने ८८ वर्षीय अम्बरसिंह लिम्बूले आफ्नै ज्वाइँ ५० वर्षीय कृष्ण जवेगुलाई बन्चरो प्रहार गरेका हुन् । बन्चरो प्रहार गर्नुपर्ने कारण खुलिसकेको छैन ।

घाइतेलाई उपचारको लागि जिल्ला अस्पताल इलामतर्फ पठाइएको छ । टाउकोमा चोट लागेका घाइतेको अवस्था गम्भीर रहेको छ । बन्चरोसहित बन्चरो प्रहार गर्ने वृद्ध लिम्बूलाई प्रहरी चौकी गोलाखर्कले नियन्त्रणमा लिएको छ ।

उता ताप्लेजुङमा घरायसी विवादमा भाइले दाईमाथि खुकुरी प्रहार गरेका छन् । बुधवार दिउँसो १.३० बजे ताप्लेजुङ फक्ताङलुङ -६ फेम्बु बस्ने ३४ वर्षीय इन्द्र फेम्बु लिम्बू र उनका भाइ ३१ वर्षीय किसान फेम्बु लिम्बूबिच घरायसी विवाद भएको थियो ।

त्यसक्रममा किसानले दाई इन्द्रलाई एक्कासि धारिलो हतियार खुकुरी प्रहार गरेका थिए । घाइतेलाई उपचारको लागि जिल्ला अस्पताल ताप्लेजुङतर्फ पठाइएको र धारिलो हतियार प्रहार गर्ने किसानलाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

# चुम्लुङका सल्लाहकार तथा परिषद सदस्यहरुलाई सम्मान



झापा(प्रस) । किरात याक्थुङ चुम्लुङ झापाले जिल्ला सल्लाहकार तथा जिल्ला परिषद सदस्यहरुलाई स्वागत सम्मान गरेको छ ।

बिर्तामोडस्थित जिल्ला चुम्लुङ हिममा बुधबार एक कार्यक्रम गरि जिल्ला सल्लाहकार एवम जिल्ला परिषद सदस्यहरुलाई स्वागत सम्मान गरेको हो ।

सो ही अवसरमा चुम्लुङले मनोनित चार जना जिल्ला सदस्यहरुलाई सपथ ग्रहणसमेत गराएको सचिव भिममाया नेम्बाङले बताईन् ।

चुम्लुङ झापाका जिल्ला अध्यक्ष शेसेहाङ फियाकको अध्यक्षतामा भएको सो कार्यक्रममा जिल्ला सदस्य तथा चुम्लुङ भवन पुनर्निर्माण उपभोक्ता समितिका संयोजक धर्म लक्सम्बाले स्वागतले मन्तब्य राखेका थिए । मन्तव्यका क्रममा उनले चुम्लुङ जिल्ला कार्यालयका अधुरो भवन पुनर्निर्माणमा करिव रु ६ लाख ५० हजार खर्च भएको र थप काम अझै बाँकी रहेकाले त्यसतर्फ लाग्नुपर्ने बताए ।

कार्यक्रममा चुम्लुङका जिल्ला सल्लाहकार तथा विर्तामोड ६ का वडाध्यक्ष सूर्य कन्दङ्वाले चुम्लुङ झापाको भौतिक विकासमा स्थानीय सरकारको तर्फवाट आफ्नो वडाले आगामी वर्ष २ लाख बजेट उपलव्ध गराउने प्रतिवद्धता जनाए ।

त्यस्तै, जिल्ला सल्लाहकार विष्णु सुब्बा, जिल्ला सदस्य योगचन्द्र आङ्बुहाङ ,राष्ट्रिय चुम्लुङ सदस्य शर्मिला आङदेम्बेले जिल्ला चुम्लुङको समग्र विकासमा आ-आफ्नो क्षेत्रबाट सदैव सहयोग पुर्‍याउने प्रतिवद्धता जनाएका थिए ।

कार्यक्रममा चुम्लुङ झापाका जिल्ला सल्लाहकार राधा सुब्बा , विर्तामोड १ का वडा सदस्य तथा सल्लाहकार योगचन्द्र आङबुहाङ ,जिल्ला कोषाध्यक्ष ,जिल्ला सदस्य बन्दना नेम्बाङलगायतको उपस्थिति रहेको थियो ।

# दुर्गा प्रसाईलाई सरकारले लुकाएर राखेको छ : किराँती



बिर्तामोड(प्रस) । नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य एवम् पूर्व नागरिक उड्डयन तथा पर्यटन मन्त्री सुदन किराँतीले दुर्गा प्रसाईलाई सरकारले लुकाएर राखेको दाबी गरेका छन् ।

नेकपा माओवादी केन्द्र बुद्धशान्ति गाउँपालिकाको दोस्रो गाउँ अधिवेशनलाई सम्बोधन गर्दै किराँतीले सरकारले नै दुर्गा प्रसाईलाई लुकाएको दाबी गरेका हुन् । 'चार भञ्ज्याङ छिचोलेर हजारौं सुरक्षाकर्मीको बिचबाट दुर्गा प्रसाई भाग्यो, के दुर्गा प्रसाई जादुगर हो ?' उनले प्रश्न गर्दै भने, 'जादुगर त्यसरी भाग्न सक्छ ? मलाई लाग्छ सक्दैन । त्यसकारण यहि सरकारले दुर्गा प्रसाईलाई लुकाएर राखेको छ ।' दुर्गा प्रसाईको आन्दोलन होस् र त्यहाँ केही वितण्डा थपिदिएर भ्रष्टाचारको अनुहार छोप्न सकियोस् भन्ने सरकारले चाहेको उनले आरोप लगाए ।

दुर्गा प्रसाईको आन्दोलन बढ्दै गयो भने कथित नवितम् सम्झौता भन्दै हिड्ने र सम्झौता गरेर ओली सरकार फेरि माथि जान चाहेको किराँतीले आरोपसमेत लगाए । इतिहासको चक्कालाई पछाडी फर्काउने दुष्प्रयास भइरहेको र त्यो नेपाली जनतालाई सह्य नहुने चेतावनी दिए ।

सरकारले गरेको भ्रष्टाचारको विरुद्ध र कुलमानलाई नियतबस हटाएर आफु अनुकूलको मान्छे नियुक्ति गर्दा सरकारमाथि देशव्यापी दबाब सिर्जना भइरहेको बेला प्रसाईले सरकारलाई अक्सिजन भरेको किराँतीको धारणा थियो । गणतन्त्रमाथि खतरा सिर्जना भएपछि बाँकी कुराहरुलाई थाँती राखेर माओवादी केन्द्र गणतन्त्रको रक्षाका लागि लाग्नु परेको उनले भनाइ राखे । व्यवस्थामाथि नै खतरा सिर्जना भइसकेपछि सरकारले भ्रष्टाचारी अनुहारमा खोल हाल्न पाएको उनले जिकिर गरे ।


**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

**१५ दिने सूचना**

सधियार पूर्वः सडक, पश्चिमः श्री सविता खतिवडा, उत्तर : श्री महादेव चौधरी, दक्षिण : श्री तेजराज शाक्यको नाममा जारी गरिएको ।

साविक चारपाने गाविस वडा नं. २ हाल बिर्तामोड नगरपालिका, वडा नं. २ बस्ने श्री लक्ष्मण चौधरीले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा २ | - | २४७८ ३७२० | ३३८.५९ | २०८१/११ /२१ | २०८१/११ /२१ | २०८१/१२ /१० |

**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

**१५ दिने सूचना**

सधियार पूर्वः श्री जय तिम्सिना, पश्चिमः नविन रिजाल, उत्तर : सडक, दक्षिण : आषिस संग्रौलाको नाममा जारी गरिएको ।

साविक चारपाने गाविस वडा नं. २ हाल बिर्तामोड नगरपालिका, वडा नं. २ बस्ने श्री गिता कडेलले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा २ | - | २६५८ | १६९.३० | २०८१/११ /०९ | २०८१/११ /०९ | २०८१/१२ /१५ |

**सहकारीका गतिविधिबारे सचेत बनौं**

- सहकारी कानूनको पालना गरौं,
- गैर सदस्यहरूसँग आर्थिक कारोवार नगरौं,
- एक परिवारका एक भन्दा बढी सदस्य एकैपटक सञ्चालक समितिमा नवसौ,
- सञ्चालकहरूलाई सहकारीको कर्मचारीको रुपमा नराखौ,
- नियमित रुपमा सहकारी संस्थाको साधारण सभा र लेखापरीक्षण गराऔं,
- सहकारी संस्थाको सञ्चालन तथा कारोवारमा संस्थागत सुशासन र पारदर्शिता कायम गरौं,
- आफ्नो सहकारी संस्थाको गतिविधिवारे सदस्यहरू सचेत बनौं ।
- सहकारी मूल्यमान्यताको पालना गरौं

नेपाल सरकार
विज्ञापन बोर्ड


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# संसद्को रस्साकस्सी

**प्रधानमन्त्री केपी शर्मा ओलीले संसद्लाई सम्बोधन गर्नुभएसँगै पाँच दिनदेखिको अवरोध हटेको छ ।संसद्को अवरोध खुलेसँगै सोमबार राष्ट्रिय सभाबाट अध्यादेश प्रतिस्थापन गर्ने पाँच वटा विधेयक पारित भए । प्रतिनिधि सभाबाट भने यसअघि नै ती विधेयक पारित भएका थिए । राष्ट्रपति रामचन्द्र पौडेलले सोमबारै संघीय संसद्का दुवै सदनको बैठकबाट पारित भई पेस भएका पाँच वटा विधेयक प्रमाणीकरण गरे । प्रमाणीकरण गरिएका विधेयकमा सुशासन प्रवर्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक, आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक र निजीकरण ऐन, २०५० लाई संशोधन गर्न बनेको विधेयक रहेका छन् । भूमिसम्बन्धी अध्यादेशमा भने संसद्मा सहमति नभएकाले सरकारले फिर्ता लिएको छ । अध्यादेश जारी गरेको ६० दिनभित्र संसद्बाट पारित नभए निष्क्रिय हुन्छ । त्यही भएर यो अध्यादेश सोमबारदेखि निष्क्रिय भएको छ ।**

**सरकारले यसलाई भूमिसम्बन्धी विधेयक बनाएर संसद्मा लैजाने सहमति गरेको छ । विधेयक पारित नहुने जोखिमकाबिच प्रधानमन्त्री ओलीले राष्ट्रिय सभाको सोमबारको बैठकमा जवाफ दिए । लगातार पाँच दिनको स्थगनपछि सभाको बैठक सोमबार सुचारु भयो । राष्ट्रिय सभाको सोमबारको बैठकमा प्रतिनिधि सभाबाट सन्देशसहित प्रस्तुत यी पाँच वटा विधेयक हुबहु पारित भए । पाँच वटै विधेयकमा प्रतिपक्षी दलले संशोधन राखेको थियो । संशोधन स्विकार्न सभाका अध्यक्ष नारायणप्रसाद दाहालले गरेको प्रस्ताव बहुमतले अस्वीकृत भयो । ध्वनि मत विभाजनमा सत्तारूढ नेपाली कांग्रेस, नेकपा (एमाले), जनता समाजवादी पार्टी (जसपा), नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी नेपालले संशोधनको विपक्षमा मत प्रकट गरे । पाँच वटै विधेयकमा प्रमुख प्रतिपक्षी नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) र राष्ट्रिय जनमोर्चाले १६ वटा संशोधन प्रस्ताव दर्ता गराएका थिए ।**




# देशको दुर्दशा : तन्त्र कि चेतना ?



• नवराज प्रसाईं

सुन्दर भविष्यका अनगिन्ती सपना मनभरि सजाउँदै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट देश छोड्दै गर्दा मैले एउटा मात्र कामना गरेको थिएँ- मेरो देश बनेन, सुशासन भएन, अनि युवा विदेशिने लहर रोकिएन । तैपनि, देशमा जे-जति भएको छ, जे-जति बाँकी छ, त्यसको संरक्षण होस्। देशका स्रोत र साधन बचून्, धर्म-संस्कृति बचोस् । राष्ट्रियता, भाइचारा, सामाजिक सद्भाव र सामाजिक न्याय नमरोस्।

आज विदेशी मुलुकबाट फेरि देशलाई नियाल्दा मेरो मनमा केही प्रश्नहरु उब्जिएका छन् नेपाल किन बनेन ? हामी कहाँ चुकिरहेका छौं ? कुन बाटोमा अघि बढिरहेका छौं ? विकसित विदेशी देशहरू कसरी सफल भएका रहेछन् ? परिवर्तन कहाँबाट सुरु गर्ने ? के नेताहरू नै खराब भएर हाम्रो देश विकसित नभएको हो ? कमजोरी हाम्रो संविधानमा छ या व्यवस्थामै ?

यी सबै प्रश्नहरूको समीक्षा गर्दै गर्दा, किन हाम्रो देश पछि परेको हो वा किन विदेशी देशहरू विकसित भए भन्ने निष्कर्षमा आफ्नै दृष्टिकोण यसरी प्रस्तुत गर्ने जमर्को गरेको छु।

अङ्ग्रेजीमा एउटा भनाइ छ, 'अ फिस रोट्स फ्रम द हेड डाउन।' भन्नाले हरेक नेतृत्व यदि माथिल्लो तहबाट क्षयीकरण हुन्छ भने त्यसको असर विस्तारै तल्लो तहसम्म फैलिन्छ। अथवा, टाउकोबाट कुहिन सुरु गरेको माछा विस्तारै शरीर हुँदै पुच्छरसम्म पुग्छ।
आज नेपालको नेतृत्व यही अवस्थामा छ। नेपालका उच्च पदस्थदेखि सर्वसाधारण जनता, घर-घरमा, समाजका हरेक तह-तप्कामा भ्रष्टाचार, बेथिति, विसङ्गति र अन्धभक्त अविश्वासले कुहिएर गाउँ, समाज, देश, राष्ट्र सम्पूर्ण नेतृत्व पतनको अवस्थामा छ।

पक्कै पनि हाम्रो समाजमा शिक्षाको कमी छ, चेतनाको कमी छ। तर त्योभन्दा महत्वपूर्ण कुरा हाम्रो सिकाइ र सिकाउने प्रणालीमा समस्या छ। हाम्रो समाजमा जो-कोही आफू पहिला बन्न चाहन्छ, ऊ त बन्छ नै, फेरि अरुलाई अरुजस्तो बनाउन चाहँदैन, आफूजस्तै बनाउन चाहन्छ।

यसको अर्थ, समाजका गुरुहरू पनि आफ्नै मन्त्र शक्तिशाली बनाउन चाहन्छन्, आफ्नै साम्राज्य बलियो बनाउन चाहन्छन्। मेरो मतलब, जसले जसको नुन खाएको छ, उसकै सोझो गर्छ। आफूले फाइदा लिन सकियो अथवा आफूलाई न्याय भयो भने बाँकी अरुको अन्यायको पीडा महसुस नगर्ने एउटा मौन समाज, जो अहिले पनि समाजमा बेथिति र विसङ्गति थप मजबुत पार्न सक्रिय देखिन्छ।

समाज सकियोस्, समाजको मान-मर्यादा, रीतिरिवाज, परम्परा सबै सकियोस्, तर व्यक्तिगत अहं र स्वार्थ कहिल्यै नसकियोस्। यस्तै समाज, यस्तै राजनीतिक संरचना, यस्तै संस्कार र स्कुलिङमा हुर्किरहेको समाजबाट निर्माण भएको नेतृत्वमा हामी छौं।

आज आम नेपाली जनता र उनीहरूले प्रतिनिधित्व गर्ने समाज आफैं अघि बढ्नुपर्ने तर छिमेकी अगाडि बढ्नु नहुने, जो आफ्नो बल, क्षमता, ज्ञानले अगाडि बढ्न खोज्छ, उसलाई बीचैमा रोक्नुपर्ने, खुट्टा तान्नुपर्ने प्रतिस्पर्धामा हाम्रो समाज व्यस्त छ।

हिजो राजतन्त्र चाहिँदैन भनेर गणतन्त्र ल्याउने जनता पनि तिनै हुन्, आज गणतन्त्र भएन, राजतन्त्रमा फर्कौं भन्ने पनि तिनै हुन्। जनताको सोच उही हो, चेतनाको स्तर उही हो। सामाजिक-राजनीतिक संरचना, राजनीतिक संस्कार उही हो
जस्तै- छिमेकी दाइ वडाको अध्यक्ष भयो, म किन भइनँ ? गाउँले साथीले घर-गाडी किन्यो, मेरो किन भएन ? छिमेकी स्कुलको अध्यक्ष भयो, म किन भइनँ, अरुले गाउँको सडकको ठेक्का पाए, मैले किन पाइनँ ? अरुले भ्रष्टाचार गरे, मैले किन नगर्ने ?

अरुले कमिसन बाँडे, मैले किन नबाँड्ने ? उसको घरको बाटो पिच छ, मेरो किन छैन ? छिमेकीको छोरा परीक्षामा प्रथम भयो, मेरो किन भएन ? फलानो कुनै पार्टीको नेता भयो, म किन हुन सकिनँ ? छिमेकीको श्रीमान्ले श्रीमतीलाई गहना किनिदिए, मेरो श्रीमान्ले किन किनिदिएन ? छिमेकी यो पार्टीको, म यो पार्टीको। छिमेकी गणतन्त्रवादी, म राजावादी। यिनै प्रश्नहरूमा रुमलिएको मेरो समाज र यस्तै प्रतिस्पर्धाबाट निर्माण भएको नेतृत्वमा हामी छौं।

हाल म विगत एक वर्षदेखि क्यानडामा बस्दै आएको छु। यहाँ आएर मैले बुझेको र आफूले महसुस गरेको एउटा महत्वपूर्ण कुरा भनेको नै 'इग्नोर एभ्रिथिङ एन्ड फोकस अन योरसेल्फ' अर्थात् 'सबै कुराको बेवास्ता गरौं, सधैं आफूमै केन्द्रित होऔं' यहाँको मूल मन्त्र नै यही छ।

यहाँका जनता सालिन, सरल र सहयोगी छन्। उनीहरूको दैनिकी साधारण छ। दिनभर आफ्नो समयमा काम गर्ने, आफ्नो योजना र लक्ष्यमा कसरी सफल हुने भन्ने कुरामा उनीहरू आफैं प्रतिस्पर्धा गर्छन्। बिहानी हाँसोबाट सुरु भएको मुस्कान बेलुका निदाउँदा पनि त्यही ऊर्जा, त्यही मुस्कान। न कसैको चासो, न कसैको परबाह। हरदम आफैंमा केन्द्रित। यहाँ कुनै प्रतिस्पर्धा छैन। न छिमेकीको घर दश-एघार तलाको हुँदा चित्त दुखाउने प्रवृत्ति छ, न साथीभाइ सम्पत्तिले भरिभराउ हुँदा कुनै मोह होडबाजी र प्रतिस्पर्धा छ।

भ्रष्टाचार यहाँ पनि हुन्छ, तर यहाँ उसले भ्रष्टाचार गऱ्यो भन्दैमा जो कोहीले भ्रष्टाचारको सिको गर्नुपर्ने संस्कार छैन। नेपालमा उसले ठेक्का पायो, मैले किन नपाउने, उसले खायो, मैले किन नपाउने भन्ने अभ्यास यहाँ छैन।

भ्रष्टाचार रोक्ने महत्वपूर्ण अस्त्र पनि 'बेवास्ता' नै हो भन्ने कुरा मैले व्यक्तिगत रूपमा महसुस गरेँ। जस्तै- कसैले भ्रष्टाचार गऱ्यो भने उसलाई बेवास्ता गरिदिनुहोस्, आफैं भ्रष्टाचार नगर्नुहोस्।

त्यसपछि आफैं कम हुन्छ भ्रष्टाचार। तपाईंले सुरु गर्नुभयो भने भोलि अर्कोले गर्छ, पर्सी अर्कोले गर्छ- यसरी त पूरा देश नै भ्रष्टाचारमा डुब्छ। तपाईं भ्रष्टाचार नगर्नुहोस्, यसलाई बढावा नदिनुहोस्, ताकि त्यो भ्रष्टाचार गर्ने व्यक्ति आफैं एक्लै भएर सिस्टम मान्न थाल्छ र विधिको शासन अनुशरण गर्न सुरु गर्छ।

हाल देशमा राजावादी र गणतन्त्रवादीको दोहोरी चलिरहेको छ। आन्दोलनले विकराल रूप लिँदैछ। यसको कुनै अर्थ छैन भन्ने लाग्छ। चाहे कोट पुरानो होस् या नयाँ, तर सुन्दरताको चमक शरीरको प्राकृतिक बनावटले नै निर्धारण गर्छ।

अथवा, हिजो राजतन्त्र चाहिँदैन भनेर गणतन्त्र ल्याउने जनता पनि तिनै हुन्, आज गणतन्त्र भएन, राजतन्त्रमा फर्कौं भन्ने जनता पनि तिनै हुन्। जनताको सोच उही हो। चेतनाको स्तर उही हो। सामाजिक-राजनीतिक संरचना, राजनीतिक संस्कार उही हो।

हिजो गणतन्त्र ल्याउन योगदान गऱ्यौं भनेर आजसम्म त्यसको ब्याज नेपाली जनतासँग असुल्ने र देशका युवा खाडीमा बेच्ने, देशलाई वर्षौंपछि धकेल्ने गणतन्त्र र गणतन्त्रका ठेकेदार पनि उनै हुन्। र, भोलि राजतन्त्र ल्याउने समाज र नेतृत्व गर्ने ठेकेदारहरू पनि उनै हुनेछन्। जसले, 'हामीले राजतन्त्र ल्याउन योगदान गरेका छौँ, जसको भाग हामीले पाउनै पर्छ' वा राजतन्त्र ल्याउन लगानी गर्ने ठेकेदार हरूले त्यसको बदलामा सावाँ-ब्याजको हिसाबकिताब लिने नै छन्।

तन्त्र परिवर्तनभन्दा पनि सामाजिक-राजनीतिक संरचनामा सुधार गरौं। जनताको चेतनाको स्तरमा सुधार गरौं। हाम्रो व्यक्तिगत जीवन स्वार्थरहित, साधारण, सरल, सुखी बनाऊँ।

अझ महत्वपूर्ण कुरा, राजनीतिक दलको झण्डाभन्दा देशको झण्डालाई प्राथमिकतामा राखौं, पार्टीको झोलाभन्दा ज्ञानको पुस्तक भरिएको झोला बोकौं। देखासिकी, अनावश्यक डाहा-मोह सबै त्यागेर सक्षम, शिक्षित समाजको निर्माण नै आजको आवश्यकता हो।

बढाऊँ चेतनाको स्तर, भगाउँ विकृतिहरू र पो जस हुन्छ

नगरौँ आन्दोलन, नत्र परदेशमा नेपालीमन सदैव टच हुन्छ।

त्यागौँ डाहा, इर्ष्या मोह नगरौँ तुलना, प्रतिस्पर्धा कोहीसँग

अनि पो जिन्दगी बन्छ सुखीखुसी, सदाबहार चसै-चस हुन्छ।

# नयाँ शैक्षिक सत्र लुटको माध्यम नबनोस्



• प्रेमनारायण भुसाल

नयाँ वर्षको सुरुवात मात्र नभएर वैशाख महिनालाई विद्यालय तहको नयाँ सत्रका रूपमा समेत लिइन्छ। विद्यार्थी नयाँ कक्षामा प्रवेश गर्ने भएकाले भर्ना, पोसाक र पाठ्यपुस्तकका सन्दर्भमा पनि चर्चा हुने गर्छ। नयाँ कक्षामा प्रवेश गर्ने विद्यार्थी नयाँ उमंगका साथ विद्यालय जान पाउन् भन्ने उद्देश्यले सरकारले भर्ना अभियानका रूपमा घरदैलो कार्यक्रमसमेत सञ्चालन गर्दै आएको छ। यद्यपि अझै पनि कयौं विद्यार्थी विद्यालयबाहिर नै रहन विवश छन्।

विश्वका अतिसम्पन्न ज्यादै कम देशहरूमा जस्तै नेपालमा पनि आठ कक्षासम्म अनिवार्य तथा निःशुल्क र १२ कक्षासम्म निःशुल्क शिक्षाको व्यवस्था छ। व्यवहारमा भने अक्षरशः पालना भएको पाइँदैन। निजी लगानीमा सञ्चालित संस्थागत विद्यालयले अभिभावकको ढाड भाँचिने गरी शुल्क उठाउने वैधानिक बाटो खुला छ। सामुदायिकले समेत सहयोग र अन्य विभिन्न बहानामा विद्यार्थीबाट शुल्क उठाउँदै आएको छ। त्यसो त शिक्षा मन्त्रालयअन्तर्गतका विभागीय निकायले समेत रजिस्ट्रेसन र परीक्षा फारमका रूपमा विद्यार्थीबाट शुल्क असुल्दै आएका छन्। यस अर्थमा संवैधानिक र कानुनी व्यवस्था हात्तीका देखाउने दाँत झै सावित हुँदैछ।

वैशाख लाग्नासाथ अभिभावक तर्सिने अवस्था पनि सुरु हुन्छ। मोबाइलमा नयाँ वर्षको शुभकामनाको नोटिफिकेसनसँगै मिसिएर आउने विद्यालय भर्ना र शुल्कको विवरणले खल्लो र निरस पार्ने गरेको छ। सशक्त नियामक निकायको

अभावले अभिभावकहरू दिनानुदिन पीडित हुँदै गएका छन्। शैक्षिक गुणस्तरका बारेमा बोल्ने कुनै पनि निकाय नभएको शिक्षक आफ्ना पेसागत हकहित एवं सेवा र सुविधाका लागि संगठित देखिन्छन्। विद्यालय सञ्चालकहरू बढीभन्दा बढी नाफा आर्जन गर्नका लागि तँछाडमछाड गर्छन्। सरकार र यसअन्तर्गतका निकायहरूलाई आफ्नो पञ्जामा पारेका छन्। यसले सार्वजनिक सेवामा रहेका अभिभावकलाई भ्रष्टाचार गर्न बाध्य पारेको छ भने निम्न र मध्यमवर्गीय समाजमा विखण्डन, असन्तोष, बेखुसी र त्रासको वातावरण पनि सिर्जना गरेको छ।

विद्यालय सद्भाव र प्रेमलाई बढावा दिँदै राष्ट्रको मुहारको संकेत गर्ने पवित्र संस्था हुनुपर्नेमा समाजलाई स्तरीकरण गर्ने, आर्थिक विभेदीकरणको नमीठो पाठ सिकाउने एवं शिक्षाको आवरणमा अपवित्र खेलहरू मौलाउने स्थलका रूपमा विकसित भएका छन्। यसले सामाजिक मूल्यमान्यता र आगामी पुस्ताका आचरणगत शुद्धतामा ह्रास ल्याउँदै गरेको प्रत्यक्ष रूपमा महसुस हुन्छ। जसले गर्दा समाज अर्थमुखी र स्वार्थी बन्दै गएको छ। सामाजिक एकाइ विद्यालयले समाजमा खुसी र सन्तुष्टि प्रवर्द्धन गर्नका लागि योगदान गर्नुपर्नेमा बेखुसीका कारक बनी सामाजिक अस्थिरताका लागि अप्रत्यक्ष रूपमा भूमिका खेल्ने काम गर्नु कदापि राम्रो होइन। शैक्षिक सत्रले वैशाखलाई नयाँ वर्ष हुनबाट रोकेको छ अर्थात् यसले अभिभावकमाथि भार थोपर्ने बैसाखीको काम गरेको छ। बैसाखीका अनेक उपाक्रमहरूमध्ये केही उपाक्रमहरू अहिले नै सुरु पनि भइसकेका छन्।

नयाँ भर्ना अभियान : आकर्षक विज्ञापन दिएर विद्यालयले आफू उत्कृष्ट भन्दै भर्ना अभियान सञ्चालन गरेका छन्। व्यावसायिक घरानाको लगानी भएका नाफामुखी विद्यालयले व्यवसाय विस्तार गर्नु र विस्तारका लागि विज्ञापन गर्नु अनौठो कार्य होइन। तर शिक्षा कुनै व्यवसायी विशेषको लगानी र नाफामा मात्र सीमित हुने क्षेत्र होइन। यो प्रत्यक्ष रूपमा समाज, सामाजिक मूल्य र समाजको अग्रगमन वा पतनसँग सम्बन्धित विषय भएकाले शिक्षालाई निजी भन्नु नै अशोभनीय कार्य हो। भर्ना अभियानभित्र विभिन्न पक्षहरू लुकेर बसेका छन्। यिनसलाई शक्तिका रूपमा परिणत गर्न विद्यालयले निश्चित कोटा, अन्तिम अवसर र भर्ना सकियो जस्ता सूचनाहरूसमेत जारी गर्ने प्रवृत्ति पछिल्लो समय विकसित भएको छ।

पाठ्यपुस्तक र पोसाकमा चलखेल : विद्यालय भर्ना र वैशाखको आगमनसँगै पाठ्यपुस्तकमा ठूलो चलखेल हुने गरेको छ। पछिल्लो दुई वर्ष सार्वजनिक विद्यालयमा पाठ्यपुस्तक नपुगेको भन्ने गुनासो भने सुनिएको छैन तर निजी क्षेत्रमा पाठ्यपुस्तकको अस्वस्थ व्यापार मौलाउँदै गएको छ। गुणस्तरहीन, अशुद्ध र त्रुटिपूर्ण पाठ्यपुस्तकको ओइरो लागेको कुरा सञ्चार माध्यममा सार्वजनिक हुँदै गरेबाट यसमा विभिन्न क्षेत्र र निकायको संलग्नता पुष्टि हुन्छ।

नाफामुखी विद्यालयले हरेक वर्ष पाठ्यपुस्तक परिवर्तन गर्ने प्रवृत्ति देखाएका छन्। प्रकाशक र विद्यालय सञ्चालकको व्यापारिक धन्धाका कारण यसरी प्रत्येक वर्ष पाठ्यपुस्तकहरू परिवर्तन हुने गर्छन्। यसको प्रत्यक्ष प्रभाव विद्यार्थी र अभिभावकमा पर्ने गरेको छ। पाठ्यक्रम परिवर्तन नभइकनै पाठ्यपुस्तक परिवर्तन गरिरहने विद्यालय छ भने स्पष्ट रूपमा के बुझिन्छ भने त्यहाँ कमिसनको ठूलै खेल छ। जसमा विद्यार्थी र अभिभावकलाई शोषण गर्ने काम भएको छ। यतिमात्र कहाँ हो र वैशाखीमै जोडेर शुल्क लिन पाइने भएकाले केही विद्यालयले बर्सेनि विद्यालय पोसाकसमेत परिवर्तन गर्ने गरेका छन्। कहिले सर्टमा लोगो टाँस्ने त कहिले लोगो हटाउने, कहिले रङमा सामान्य परिवर्तन ल्याउने गरी अभिभावकलाई चार पाँच थान पोसाक किन्न बाध्य पार्ने विद्यालयहरू पनि छ्यापछ्याप्ती छन्।

नियमतः विद्यालयले पुस्तक र पोसाक बेच्न पाउँदैनन्। विद्यालय सञ्चालक र व्यापारिक प्रतिष्ठानको मिलेमतोमा विद्यालय परिसरमै वा विद्यालयले तोकेकै ठाउँमा पुस्तक र पोसाक किन्नुपर्ने बाध्यता सिर्जना गर्छन्। विद्यालयको क्यालेन्डर र कक्षा परीक्षाका नाममा असुल गरिने खर्च त्यहाँको लगानी र विद्यार्थीको आवश्यकताले औचित्य पुष्टि गर्न सकिने खाले देखिन्न। घर पायकको विद्यालयमा पढ्ने चलन नभएकाले वा यसलाई प्रोत्साहन गर्न नसकेकाले टाढाटाढाका विद्यालयहरूमा भौंतारिने प्रवृत्ति बढेको छ। यसले काठमाडौं र यस्तै घना जनसंख्या भएका क्षेत्रमा यातायात व्यवस्थापनमा समेत समस्या सिर्जना गरिरहेको छ। यसबाट आम नागरिक प्रताडित भएका छन् भने अर्कातिर विद्यालय सञ्चालकलाई यातायात व्यवसायसमेत सँगसँगै सञ्चालन गरेर अभिभावकबाट शुल्क असुल्ने अवसर प्रदान गरेको छ। चर्को यातायात शुल्क असुलेर विद्यार्थीलाई लामो समयसम्म सडकमै घुमाइरहने विद्यालयले आम्दानी त गरेका छन् तर विद्यार्थीको उर्वर मस्तिष्कलाई टेवा दिने होइन, तहसनहस पार्ने काम गरेका छन्।

खासगरी वैशाख महिनामै नयाँ विद्यालय चयन गर्ने र कम्तीमा एक वर्षका लागि योजना गर्ने काम गरिन्छ। यतिखेर विद्यालयले पाठ्यपुस्तकमा चलखेल त गरेका छन् /छैनन्, पोसाकसम्बन्धी नीति नियम कस्ता बनाएका छन्, विद्यालयमा उपलब्ध हुने खाना र पानी गुणस्तरीय छ/ छैन भन्ने कुरामा अभिभावक चनाखो हुनुपर्छ। हरेक वर्ष पाठ्यपुस्तक परिवर्तन गर्ने र कमाउनकै लागि मात्र सञ्चालन गरिएका विद्यालयमा आफ्ना बालबालिकालाई भर्ना गर्नु हुँदैन। यस्ता संस्थाले बालबालिकालाई आगामी दिनका लागि तयार गर्ने होइन, अभिभावकमाथि शोषण गरी बालबालिकालाई समेत गुमराहमा पार्ने काम गर्छन्।

सार्वजनिक वा सामुदायिक विद्यालयका सन्दर्भमा पनि अनावश्यक रूपमा लिइने सहयोगका नामका शुल्कहरू कति जायज हुन् भन्ने बारे अभिभावक स्वयं सचेत हुनुपर्ने अवस्था रहेको छ। राज्यले लामो समयदेखि शिक्षा ऐनसमेत जारी गर्न नसकेको र जारी गर्न तयार गरिएको शिक्षा ऐनमा पनि विद्यार्थीका हितका बारेमा र विद्यालय शिक्षाको गुणस्तरका बारेमा व्यवस्था गर्नुभन्दा विद्यालय सञ्चालक र शिक्षकका कुरा मात्र थोपर्ने प्रयास भएको छ। यसैले ऐन आए पनि विद्यार्थी र अभिभावकले चयन महसुस गर्न पाउने छैनन्। अभिभावक सचेत नहुने हो भने नयाँ सत्र लुटको माध्यम मात्र बन्ने छ। सचेत नागरिकले समाजमा मौलाउँदै गएका यस किसिमका कुप्रवृत्तिलाई निरुत्साहन गर्नका लागि सक्रियता देखाउनु आवश्यक छ।

# नेपाल ऋषिमुनिको देश



• इन्द्रप्रसाद ओली

नेपाल राष्ट्र वैदिक सभ्यताको उत्तराधिकारी राष्ट्र हो । यहाँ धर्म-सम्प्रदाय,रीतिथिती, संस्कार संस्कृति, भेषभुषा ,जाति- प्रजाति, मौलिक विविधताको विद्यमान छ ।नेपाल संसारकै प्राचीनतम् देशहरुमध्ये एक हो । नेपालको आधुनिक युग जब साम्राज्यवादी शक्तिसंग भिडेर श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको नेतृत्वमा बहादुर शाह लगायत नेपालका विभिन्न जात जातिका सपुतहरुले नेपालको सार्वभौमसत्ता बचाएर विविधतामा एकताको माला गाँस्दै जाति , भाषा, धर्म र क्षेत्रीयतालाई सन्तुलित राखी अनेकतामा एकताको नीति कायम गरी राष्ट्रिय पुनरएकीकरण महाअभियान अगाडि बढाएको कुरा इतिहासका पानामा अंकित छन् ।

पृथ्वीनारायण शाहले चन्द्र सूर्यको झण्डा फराउँदै अंग्रेजी साम्राज्यले कब्जा गर्न लागेको अवस्थामा नेपालका स-साना ५४ भन्दा बढी स्वतन्त्र राज्यहरुलाई एकीकरण गरी विश्वको एकमात्र विशाल सनातन हिन्दु राज्य नेपाल बनाएका थिए । त्यही बेलादेखि नै नेपालको पुनर्जागरण अभियान सुरु गरिएको हो ।तर, नेपालको पुनर्जागरण अभियानबारे थप अनुसन्धान नहुँदा अहिलेसम्म पनि निष्कर्षमा पुग्न पाएको छैन ।नेपालको पुनर्जागरणलाई सार्थक तुल्याउन त्यसपछिका शासकहरुबाट पूरा हुन सकेन ।अनुसन्धान गर्ने नेपालको बारेमा पाठ्यपुस्तकमा पढ्न लेख्न नपाउँदा स्वयम् नेपाली हामी आफै नेपालको बारेमा अनभिज्ञ भएका छौ । त्यसकारण आजको पुस्ता नेपालमा जन्मन पाउनु नै गर्व मान्न सक्ने स्थिति रहेन ।नेपालको पुनर्जागरण गर्ने जिम्मेवारी अब हाम्रो हो ।

नेपाल हिमालयको काखमा रहेको र यही हिमवत् खण्डमा बसेर हाम्रा ऋषि तथा मन्त्रद्रष्टाहरुले ध्यान साधना गर्थे । त्यसैले नेपाललाई ऋषिभूमि भनेर चिनिन्छ ।ऋषि महर्षि तथा साधकहरुको तपस्याथली हो नेपाल ।

नेपालका प्रायः नदीनाला, पहाड , पर्वत र अन्य भूभागहरु ऋषिहरुकै नामबाट नामकरण भएका छन । जस्तै : महर्षि कपिलको नामबाट कपिलवस्तु , राजर्षि महाराज जनकको नामबाट जनकपुर , महर्षि व्यासको नामबाट व्यास आदि । महर्षि व्यास तनहुँमा जन्मिए । संस्कृत व्याकरणका रचनाकार पाणेनी अर्घाखाँचीमा जन्मिए । महर्षि विश्वमित्रले कोशी नदीकै किनारमा गायत्रीको साधना गरे ।ब्राम्हणहरुको आदिपुरुष अर्थात पुर्खाहरु सप्तऋषि हुन् । सप्तऋषिहरु यही भूमिका अनादिवासी नै हुन् । यति मात्र होइन, हिमवत् खण्डभित्र नेपालको सर्वोच्च शिखर सगरमाथा , मुक्तिनाथ, बराहक्षेत्र तथा पाशुपतक्षेत्र रहेको छ। हिमवत् खण्डका प्राचीन ऋषि विश्वमित्र मानिन्छन् । जसले कोशी तटमा बसी साधनारत रहँदा ॐ कार ध्वनि र व्याहृर्ती मन्त्र प्राप्त गरेका थिए ।तसर्थ भगवान श्रीकृष्णले भागवत गितामा ॐमित्येकाक्षर ब्रह्म भनेर यो लोकलाई अचम्भित तुल्याएका थिए र हिमवत् खण्ड क्षेत्रभित्र विभिन्न ऋषिमुनिहरुले तपस्या गरेका थिए ।काश्यपी पर्वत ( कश्यप ) कास्की जिल्ला , महर्षि कण्व , महर्षि कुशिक , महर्षि विश्वमित्र , दामोदर उपत्यका , कुशापर्वत आदि रहन पुगेका कारणले गर्दा यस्येमे हिमवन्तो महित्वा अर्थात यी हिमाली पर्वत र यिनका गगनचुम्बी शिखरहरु हाम्रा गौरव कहलिए ।काली गण्डकी र दुग्धवला सेती वा शुक्ला गण्डकीको वर्णन गर्दै ऋग्वेद भन्दछ ( यत्र सितासिते सरिते ) वर्षा ऋतुमा सयौं वृक्ष बगाइदिने शतद्रु नदी ऋषि शमिकको आश्रम कोशी परिसर बराहक्षेत्रमै रहेको छ। पुराना पाठ परम्पराको सुरुवात कौशिकी तट बराहक्षेत्रबाटै शुरु भएको , शुकदेव ऋषिद्वारा राजा परिक्षतलाई भागवद ज्ञान दिने काम कोशी तटमै गरिएको थियो ।

मुस्ताङ जिल्लामा विशाल शालिग्राम नामक पर्वत रहेको र काली गण्डकी त्यही पवित्र पर्वतबाट प्रवाहित हुन पुगेको वर्णन गरिएको छ । योगी नरहरिनाथले ऋग्वेदमा उल्लेख गरिएका वनस्पतिहरुमा नब्बे प्रतिशत वनस्पति हिमवत् खण्डमै मात्र प्रायः रहेको बताएका छन् ।ब्रह्मजीको प्रथम यज्ञ अष्टावक्र र वशिष्ठ ऋषिको वेदान्त प्रवचन अनि वेदव्यासद्वारा ब्रह्मशुत्र ग्रन्थको प्रणयन हिमवत् खण्डमै भएको थियो ।ऋग्वेदको यत्र सितासिते सरिते अर्थात जहाँ सेती र काली नदीको मिलन भएको छ । त्यही दोभान प्रजापति ब्रह्माको प्रथम योगको स्थान थियो ।हिमवत् खण्डको गण्डकी माहात्म्यले सितासिते सरिच्छेष्ठे देवाना अपि दुर्लभे भनेर सेती र काली शव्दको प्रयोग भएको छ । प्राचीन महर्षिहरु क्रमशः पुलह ऋतु पुलस्त्य याज्ञवल्क्य परासर विदुषी गार्गी वेदवादिनी ऋतम्भरा परहंस शुकदेव राजर्षि जनक महर्षि अष्टावक्र आदिको आध्यत्मिक चिन्तन यसै पवित्र भूमिमा भएको थियो ।भगवान बुद्ध , सीता भृकुटी यसै भूखण्डमा जन्मिएका थिए । हिमवत् खण्ड भनेको पूर्वमा ब्रम्ह्पुत्र पश्चिममा हिन्दुकुश उत्तरमा कैलाश मानसरोवर र दक्षिणमा गंगासम्मको भूभाग हो । गंगादेखि हिन्द महासागरसम्मको भूभागलाई भारतखण्ड भनिन्छ ।यी दुवै राष्ट्रबाट विश्वभर सनातन हिन्दु दर्शन , संस्कृति र सभ्यताको विस्तार भएको हो ।यो हिमवत् खण्ड नेपाल तथा भारतविचमा युगौयुगदेखि गहन तादम्यता छ ।नेपालको एकीकरण भएदेखि अहिलेसम्म नेपालमा मुसलमानलगायत अन्य धर्महरु पनि रहनेगरी ५४ वटा स-साना हिन्दु राज्यहरुलाई एकीकरण भएर बनेको हो ।यो सनातन हिन्दु अधिराज्य हो । वि.स. २०१९ सालको संविधानमा हिन्दु अधिराज्य भनी नामकरण भएको थियो । नेपाल एकीकरण भएदेखि नै सनातन हिन्दु अधिराज्यको रुपमा परिचित राष्ट्र हो ।यसमा सबै नेपालीले गर्व गर्नु पर्दछ ।

प्राचीन समयदेखि हिमवत् खण्ड नेपाललाई दक्षिणका देशहरु ( अहिलेको भारत (इन्डिया ) ले ठूलो महत्व राख्दै आएका छन् ।हिमवत् खण्ड पुस्तकको ७१ अध्यायको श्लोक १६ मा उल्लेख छ मार्कण्डय अशोस्थ्समा वलि व्यास हनुमान कृप, पर्शुराम र विभुषणले यहि तपस्या गरेर चिरञ्जीवी भएका हुन् ।

पशुपत क्षेत्रको महत्व बुझेर मरिची अंगिरा पुलह ,भृगु र अत्री जस्ता ऋषिहरु प्रह्लादजस्ता भक्त यहि रहेर अष्टमूर्ति महेशको पुजा गर्दछन् भनेर उल्लेख छ । भारविलले यस क्षेत्रलाई नै केन्द्रीत गरेर किरातार्जुनियम महाकाव्य लेखेको कुरालाई पनि यहाँको सभ्यताको विकासमा स्रोतको रुपमा लिइन्छ ।

अर्जुनले धनुर्विद्याको विशेष ज्ञान किरात प्रदेशमै प्राप्त गरेको कुरा महाभारतमा उल्लेख छ। महाभारतमा नेपाल विषय राजन् भनेको कुरा उल्लेख छ । मुल सर्वास्तिवाद विनयसंग्रह बौद्ध ग्रन्थ र नेपाल महात्म्य जस्ता ग्रन्थहरुले नेपालको पौराणिक अवस्था कस्तो थियो भन्ने कुराको चित्रण गरेको पाइन्छ । पशुपति गुहेश्वरी ,स्वयम्भू बौद्ध आदि जस्ता तीर्थस्थलबाट सनातन हिन्दु र बौद्धमार्गीविचमा समन्वयात्मक बाटो स्थापित हुन गएको कुरालाई चिनियाँ यात्री हुयाङसाङ्ले उल्लेख गर्दै हिन्दु मन्दिरहरु र बौद्ध संघहरु साथसाथ बनेका र यिनका एकात्म्य भएको कुरा आफ्नो यात्रा वृतान्तमा उल्लेख गरेका थिए ।

यस्तो महान विश्वको नजरमा एक प्रतिष्ठित राष्ट्र भारत लगायत विश्वभरका हिन्दुहरुको आस्थाको केन्द्रमाथि परिवर्तनका नाममा परतन्त्र विधर्मीहरुको पारामा लागेर नेपालको स-गौरव विरासतलाई विर्सिएर राष्ट्रघाती कार्यको प्रारम्भ भयो । इतिहासलाई मेटाउने शास्त्रीय प्रमाणलाई बुर्जुवा यथास्थितिवादी , प्रजातन्त्र लोकतन्त्रका विरोधीको संज्ञा दिएर नेपालको अस्तित्व लथालिङ्ग गराउँदै विश्वको एकमात्र मौलिक विशेषता बोकेको सनातन हिन्दु अधिराज्यमाथिको प्रहारले नै अहिले नागरिक आक्रोशित भएका हुन् भने कुरा बुझ्न अहिलेको नेतृत्वले ढिला गर्नु हुन्न ।

यी विथोलिएका बिषयमा गहन अध्ययन गरि हिमवत् खण्डको महिमा नेपालको पूरा हुन बाँकी पुनर्जागरणलाई अघि बढाइ राजसंस्था सनातन हिन्दु राज्यलाई यथावत कायम गरि अखण्ड नेपाललाई युगयुगान्तरसम्म कायम राख्नु पर्दछ । नेपाल ऋषिमुनीको देश हो । हामी तिनै ऋषिका सन्तान हौ ।

# व्यवस्था परिवर्तन कि अवस्था परिवर्तन ?




www. pratidindaily.com

सडकमा मानिसहरू निस्किए । कसैले हुल भने, कसैले जमात भने, कसैले अग्रगमन भने, कसैले पश्चगमन भने । सबैले आ-आफ्ना मस्तिष्कले भ्याएसम्म नामकरण गरे। तर वास्तविकतामा कोही पुगेनन् वा पुग्न चाहेनन्। यदि कोही पुग्यो भने, त्यो व्यक्तिले सबैलाई नेपाली नागरिक देख्यो। समाज रुपान्तरण हुँदै जाँदा, मानिसहरूको चेतनाको स्तर खस्कदै जाँदा वा उक्सँदै जाँदा राज्य पक्षसँग असन्तुष्टि बढ्नु विश्वव्यापी मानव अधिकारको सिद्धान्त हो। यदि जनतामा यति सुझबुझ र चेतना भएन भने शासक वर्ग नै शोषक बन्छ, भ्रष्ट बन्छ, स्वेच्छाचारी बन्छ र जनविरोधी बन्छ। मुलुकको शासकलाई घचघच्याएर सही बाटोमा हिडाउने प्रमुख जिम्मेवारी जनताको नै हो।

नागरिकको कुनै असन्तुष्टिलाई राज्य पक्षले लामो समयसम्म सम्बोधन गर्न नचाहँदा यसले विद्रोह जन्माउँछ। विद्रोहको कुनै सिद्धान्त हुँदैन, कुनै नियम हुँदैन, यो अनियन्त्रित प्रक्रिया हो। यसको निकास ठ्याकै यस्तै हुन्छ भनेर अनुमान लगाउन सकिँदैन। यसको ज्वलन्त उदाहरण २०६२-०६३ को आन्दोलन हो।

आन्दोलन केका लागि थियो र के प्राप्त भयो भन्ने कुरामा अझै बहुसंख्यक जनता रनभुल्लमा छन्। भीडमा उठेका आवाज सबै सही नहुन सक्छन्, आवेग र उत्तेजनामा राखिएका मागहरू आत्मघाती पनि हुन सक्छन्। त्यही भीड, त्यही आवेग र उत्तेजनाबाट निस्किएका राम्रा र नराम्रा पक्ष केलाएर, सकारात्मक-नकारात्मक, पक्ष-प्रतिपक्ष सबैलाई समेटेर लैजान सक्ने व्यक्ति नेता हुनुपर्ने हो र त्यही व्यक्तिले मात्र सही नेतृत्व गर्न सक्छ भन्ने कुरा अकाट्य प्रायः हो।

तर बिडम्बना, एक पक्ष कुरा सुनेर अर्को पक्षलाई चिढ्याउने, उत्तेजित बनाउने संयमता नभएका अदूरदर्शी व्यक्तिहरूलाई हामी नेता मानेर नेतृत्व सुम्पिरहेका छौं। पछिल्लो समयमा घटिरहेको राजनीतिक घटनाक्रम र नेतृत्वलाई हेर्दा यो कुरा खण्डन गर्न सकिने अवस्था छैन। नेतामा हुनुपर्ने न्यूनतम योग्यता भनेको सबै वर्ग , सबै सम्प्रदाय , सबै समुदायलाई समेटेर मध्यमार्गी हुँदै असहज स्थितिलाई सहजतातिर लैजानु पर्ने हैन र ?

अझ विशेष गुण भनेको त आफ्नाविरुद्ध उठेका बिचारहरुलाई पनि शान्त पारी आफ्नो बिचारमा आकर्षित गरि आफ्नो पक्षमा माहोल बनाउँदै सर्बमान्य बन्नु हुनुपर्ने हो । राजनीति भनेकै आफ्नो नैतिकता र स्वाभिमान बचाएर अवसर खोज्नु हुनुपर्ने हो,तर स्वाभिमान र नैतिकता बेचेर बनाएको राजनैतिक पहुँच नाक बेचेर किनेको बुलाकी जस्तो हुन्न र ? नेपालको इतिहासदेखि नै नेपाल र नेपालीहरूले लडेका आन्दोलन र युद्धहरू अपुरो या आत्मघाती प्रायः छन्। यसको मुल कारण, हामी जनता युद्ध लड्छौं, आन्दोलन गर्छौं, कोही एकलाई नेतृत्वमा पुर्याएर खबरदारी नगरी बस्छौं। एक हिसाबले भन्ने हो भने कुनै एक अमुक व्यक्तिलाई निजी स्वार्थको लागि फाइदा पुग्नेगरी हामी आनन्दले सुत्छौं र अनि उसैले हामीलाई गुलाम सम्झन्छ र त्यस्तै व्यवहार गर्छ। आन्दोलनपछि नेतृत्वलाई सही खबरदारी नगरी मौन बस्नाले हामीले नै दिएको नेतृत्व हामीलाई शासक बनेर शोषण गर्न तम्सिन्छ।

सुगौलीको सन्धी भयो, युद्धमा हार जित स्वाभाविक थियो, तर अंग्रेजहरूले भारत छोडेर जाने बेलामा तत्कालीन शासकलाई नेपाली जनताले खबरदारी गरेको भए, गुमेको भूभाग फिर्ता आउँदैन थियो होला र? ०७ साल, १७ साल, ०४६ साल, ५२ साल, गर्दै ६२-६३ सम्म आइपुग्दा हामी जनताले के खोजेका थियौं र के पायौं भन्ने अझै स्पष्ट भएन र? हामी किन प्रायः प्रत्येक १८/२० वर्षमा ब्यवस्थाविरुद्ध खनिन्छौं?

व्यक्ति खराब कि ब्यवस्था खराब? किन छुट्याउन सक्दैनौं? कुनै बिरुवा रोपेको एक निश्चित समयपछि मात्रै फल प्राप्त हुन्छ, यो हामी सबैले जानेकाछौं।हामीले रोपेको बिरुवाले आवश्यक स्याहार, मलखाद नपाएर पत्ता पहेलो भयो, फूल झर्यो, राम्ररी बढेन भने, के गर्नुपर्ने? बिरुवा नै काट्ने कि उचित स्याहार गरेर फल खाने? त्यही स्याहार र सम्हारमा अर्को बिरुवा रोप्ने हो भने पनि फल त्यही हो।

कतै हामी हाम्रो फल दिने वृक्षलाई गलत व्यक्तिको हातमा सुम्पेर फलेन भन्दै काट्ने तर्खरमा त छैनौं? स्याहार र सुसारको अभावमा नफलेको मेवा काटेर, फल्दै नफल्ने भाले मेवा पो रोप्न लागेका छैनौं?

वर्तमान समयमा नेपालको राजनीतिक माहोललाई एक सचेत र स्वतन्त्र नागरिक भएर हेर्दा, सही व्यवस्था स्थापना गरेर खराब नेतृत्व चुनेको स्पष्ट हुँदैन र? परिवर्तन गर्नुपर्ने व्यवस्था हो कि व्यवस्थाभित्रका खराब पक्षहरू र खराब पक्षको पक्षपोषण गर्ने नेतृत्व? हामीले खोजेको नेतृत्व एक पक्षलाई उचालेर अर्को पक्षलाई दबाउने हो, या दुबै पक्षलाई समेटेर लैजाने हो? अब त हामी आफैले आफैंलाई प्रश्न गर्ने बेला भएन र ! मैले खोजेको भने के हो? म कुन व्यवस्थामा मेरो सर्वोपरी हित छ ? एक पटक सोच्ने बेला भएन र?

जाबो जुत्ता चप्पल त फेर्दा दुई-चार दिन हिडडुल गर्न दैनिक काम गर्न असहज हुन्छ भने कुनै पनि मुलुकको पुरै व्यवस्था परिवर्तन, त्यो पनि बारम्बार गरिरहँदा, कति समय हाम्रो खेर जाला? फेरि त्यो व्यवस्था हाम्रो सर्वोपरी हितमा छ भन्ने के आधार होला?

आउनुहोस्, एक पटक सबैले आफैंले आफैलाई सोधौं, हामीले खोजेको के हो -व्यवस्था परिवर्तन कि अवस्था परिवर्तन? अवस्था परिवर्तन हो भने कुन व्यवस्था ठीक? उत्तर आउँदैन र?

# राहत लिएर नेपाली सेनाको टोली उड्यो म्यानमार



झापा(प्रस) । म्यानमारमा हालै गएको विनाशकारी भूकम्पका कारण भएको व्यापक धनजनको क्षति पश्चात् नेपाली सेनाको टोली बुधबार त्यसतर्फ प्रस्थान गरेको छ । नेपाल सरकारको निर्णयबमोजिम मेडिकल राहत सहित सेनाको टोली प्रमुख सेनानी रामचन्द्र श्रेष्ठको नेतृत्वमा त्यसतर्फ प्रस्थान गरेको हो ।

१२ जना चिकित्सकीय टिम, ४ जना बन्दोबस्ती सहायता टिम र ६ जना क्रु मेम्बर सहित कुल २२ सदस्यीय सैनिक टोली आफ्नै जहाजमा म्यानमार गएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

विभिन्न प्रकृतिका आवश्यक औषधि एवं ईक्युप्मेन्टहरु सहित उक्त टोलीमा सर्जन, अर्थोपेडिक, मेडिसिन चिकित्सक, नर्स तथा प्यारामेडिकहरु संलग्न रहेका छन् ।

उक्त टोलीले करिब एक साता म्यानमार भूकम्पमा परी घाइते भएकाहरूको स्वास्थ्य उपचारमा खटिई सेवा प्रदान गर्ने सेनाले जनाएको छ ।

# बिर्तामोडमा भूमि आयोगको शाखा




बिर्तामोड(प्रस) । बिर्तामोड नगरपालिकामा भूमि समस्या समाधान आयोगको शाखा उद्घाटन भएको छ ।

बुधवार एक संक्षिप्त कार्यक्रमका विच कार्यबाहक नगर प्रमुख नगेन्द्रप्रसाद संग्रौलाले कार्यालय उद्घाटन गरे ।

कार्यक्रममा बोल्दै कार्यबाहक नगर प्रमुख संग्रौलाले कुनै प्रलोभनमा नपरी आयोगको काम गर्न कर्मचारीलाई निर्देशन दिए । राजनीतिक दलहरुले निर्बाचनको समयमा भूमिहीनहरुको समस्या समाधान गर्ने, धनीपुर्जा वितरण गर्ने लगायतका आश्वासन बाँड्ने गरेको भएपनि सरकारमा पुगेपछि प्रतिवद्धता अनुसारका काम नगर्ने र अन्य विवादमा अल्झिने गरेका कारण जनता पीडित नै रहेको गुनासो गरे ।

यस्तै नगरका प्रमुख प्रशासकीय अधिकृत सागर मिश्रले बिर्तामोडमा करिब २६ सय वटा निवेदन दर्ता रहेको जानकारी दिए । उनले वास्तविक भूमिहीन सुकुम्वासीको पहिचान गरेर व्यवस्थापनको लागि नगरपालिकाले पहल गर्ने पनि बताए ।भूमि समस्या समाधान आयोग शाखा प्रमुखमा बिमल पोखेल, सर्भेक्षकमा सुशिल शिवाकोटी र अमिनमा प्रियका राउत गरी ३ जना रहेका छन् । कार्यालय उद्घाटनमा शिक्षा शाखा प्रमुख उपसचिब तिलचन भण्डारीलगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५९५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** आज प्रेमसम्बन्ध र प्रणयप्रसङ्गका लागि श्रेष्ठ समय रहेको छ ।

**वृष** नोकरीबाट मानसम्मान मिल्नेछ । वस्त्र लाभ पनि हुनसक्छ ।

**मिथुन** आज छोटो दुरीको लाभदायक यात्रा हुनेछ । राज्यबाट मान सम्मान मिल्नेछ ।

**कर्कट** धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । वाहन सुख पनि मिल्नेछ ।

**सिंह** आज स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरुको लागि दौडधुप गर्नु पर्नेछ ।

**कन्या** चोटपटक पनि लाग्न सक्छ । मन कमजोर रहन सक्छ ।

**तुला** आज शुभकार्यमा सहभागिता जनाइने छ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ ।

**वृश्चिक** पुंजी बजारमा सफलता मिल्ने छ । आर्थिक क्षेत्र राम्रै होला ।

**धनु** आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।

**मकर** आतिथ्यपूर्ण सम्मान पाइएला । वैदेशिक कार्य अघि बढ्नेछ ।

**कुम्भ** मनमा हर्ष, उमङ्ग र उत्साह छाउला । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**मिन** कूटनीतिक नियोगको सहयोग मिल्ला । प्रविधि मार्फत काम अघि बढ्न सक्छ ।